# महान्यायाधिवक्ताको कार्यालय

## नेपाल

(..........कर्मचारी प्रशासन..... शाखा)

पत्र संख्या :- २०८३/०८४

चलानी नं. :- २३०

रामशाहपथ, काठमाडौं

मिति :- २०८३।०४।२२

नेसं. ११४६ दिल्लागा: ९

विषयः परिपत्र सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, (सबै)।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, (सबै)।

उपर्युक्त सम्बन्धमा यस कार्यालय मातहतका जिल्ला तथा उच्च सरकारी वकील कार्यालयहरुबाट पुनरावेदन/निवेदन गर्ने/नगर्ने, मुद्दा चल्ने/नचल्ने वा आंशिक निर्णय निकासाको लागि प्राप्त हुने कतिपय मिसिलहरु सम्बद्ध कागजातहरु नराखी अन्तिम म्यादमा मात्र प्रस्ताव पठाउने गरेको एवं सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २२, २३, २४, २५ र २७ समेतको कानूनी प्रावधानहरुको साथै पुनरावेदन सम्बन्धी कारबाही उचित समयमा सम्पन्न गर्ने सम्बन्धमा यस कार्यालयबाट जारी भएका पूर्ववत निर्देशन एवं परिपत्रहरुलाई वेवास्ता गर्ने प्रवृत्ति बारम्बार पुनरावृत्ति भइरहेको हुँदा सो सम्बन्धमा पुनः यस्तो प्रवृत्ति नदोहोरिने गरी ध्यान दिन माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८३/०४/१९ मा निर्णय भएकोले सो अनुसार हुन अनुरोध छ।

२०८३।४।२२

तर्कबहादुर रावत
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np